# पूर्वीचौकी गाउँपालिका, डोटी

## स्थानीय राजपत्र

**भाग :२**

**खण्ड : ७　　संख्या : ३　　मिति : २०८१/०४/०१**

# पूर्वीचौकी गाउँपालिकाको आपतकालिन बालकोष सञ्चालन कार्यविधी, २०८०

CamScanner

प्रमाणीकरण मिति : २०८०/०२/०५

# पूर्वीचौकी गाउँपालिकाको आपतकालिन बालकोष सञ्चालन कार्यविधी, २०८०

**प्रस्तावना :**

पुर्वीचौकी गाउँपालिका भित्रका आपतकालिन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि नेपालको संविधान, २०७२ भाग १८ धारा २२६ बमोजिम गाउँसभाले स्थानीय तहको अधिकार क्षेत्रसँग सम्बन्धित विषयमा कानुन बनाउन सक्ने व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ मा भएको थप व्यवस्था अनुसार र बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ६ अनुरुप बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था अन्तरगतको दफा ६३ बाल कोषको उपदफा १ बमोजिम बालबालिकालाई तत्काल उद्धार, राहत र पुर्नस्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि एक बालकोष रहने मर्म बमोजिम स्थानीय स्तरमा आर्थिक स्रोत संकलन गरि बालबालिकाको हितका लागि परिचालन गर्ने पूर्वीचौकी गाउँपालिकाको कार्यालय पूर्वीचौकी गाउँपालिका बाल संरक्षण समिति, वडा बाल संरक्षण समितिले पालिका तथा वडा स्तरिय आपतकालिन बालकोषको स्थापना गर्ने भनि गरेको निर्णय बमोजिम उक्त कोष सञ्चालन गर्न देहाय बमोजिमको कार्यविधी, २०८० स्वीकृत गरि लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधीको नाम "आपतकालिन बालकोष सञ्चालन कार्यविधी, २०८० रहेको छ ।

ख) यो कार्यविधी गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा**

क) कोष भन्नाले यस कार्यविधीको ४ नं. बुँदामा उल्लेख भए बमोजिम स्थापना गरिएको पालिका/वडा स्तरीय बाल कोषलाई सम्झनु पर्दछ ।

ख) गाउँपालिका भन्नाले पूर्वीचौकी गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) वडा कार्यालय भन्नाले पूर्वीचौकी गाउँपालिकाका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।



CamScanner

घ) गाउँ अधिकार समिती भन्नाले पूर्वीचौकी गाउँपालिकाका भित्र गठित बाल अधिकार समिती र वडामा गठित बाल अधिकार समितीलाई बुझनु पर्दछ ।

ङ) आपतकालिन अवस्था र एवं जोखिम अवस्थामा रहेका बालबालिका भन्नाले कार्यविधीको ११ नं. बुँदामा उल्लेखित बालबालिकालाई सम्झनु पर्दछ ।

च) सञ्चालक समिती भन्नाले कार्यविधीको ६ नं. बुदामा उल्लेख गरे बमोजिम गठन भएको समितीलाई सम्झनु पर्दछ ।

३. आपतकालिन बालकोषको उद्देश्यः यस बालकोषका उद्देश्य देहाय बमोजिम रहने छन्

क) जोखिम अवस्थामा रहेका बालबालिकाहरुको उद्धार गर्ने ।

ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई (आधारभुत आवश्यकता सहित) राहत उपलब्ध गराउने ।

ग) जोखिम अवस्थामा रहेका बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने ।

४. आपतकालिन बालकोषको स्थापना

क) पूर्वीचौकी गाउँपालिका अन्तरगतको पालिकास्तरीय बाल संरक्षण समिती र वडास्तरीय बाल संरक्षण समितीको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालिन अवस्थामा रहेका वडा तथा गाउ भित्रका बालबालिकाको संरक्षण गर्न पालिका तथा वडामा आपतकालिन बालकोषको स्थापना गरिएको हुनेछ ।

ख) बालकोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

अ) पूर्वीचौकी गाउँपालिकाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

आ) वडाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

इ) विभिन्न संघ-संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

ई) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम

५. आपतकालिन बालकोषमा रकम जम्मा गर्न सक्ने :

बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रहि गाउँपालिका/वडा कार्यालयसँग सहकार्य गर्न चाहाने अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरुले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्ने छन्।



CS CamScanner

६. सञ्चालक समितीको गठन :

कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको गाउँ तथा वडा सञ्चालक समिती रहनेछ ।

क) पालिकास्तरीय आपतकालिन बालकोष समिती

| | |
|---|---|
| अ) गाउपालिकाको उपाध्यक्ष | संयोजक |
| आ) पालिकास्तरीय बालसंरक्षण समिती संयोजक | सदस्य |
| इ) पालिकास्तरीय बालसंरक्षण समिती प्रतिनिधी | सदस्य |
| ई) पालिकास्तरीय बालसञ्जाल प्रतिनिधी | सदस्य |
| उ) महिला, बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

ख) वडा स्तरीय सञ्चालन समिती

| | |
|---|---|
| अ) वडा स्तरीय बाल संरक्षण समिती संयोजक | संयोजक |
| आ) वडा स्तरीय बाल संरक्षण समितीबाट मनोनित महिला सदस्य | सदस्य |
| इ) वडा स्तरीय बाल क्लब सञ्जालले मनोनयन गरेको प्रतिनिधी | सदस्य |
| ई) समाजसेवी तथा सहकारी प्रतिनिधी | सदस्य |
| उ) सम्बन्धित वडाको सचिव | सदस्य सचिव |

७. सञ्चालक समितीको काम, कर्तव्य र अधिकारः सञ्चालक समितीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुर्नस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

ङ) बाल संरक्षण समितीसँग मिलेर जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,



CamScanner

च) गाउँपालिका र वडाले दिएको निर्देशन पालना गर्ने,

छ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

ज) कोष वृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

झ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण गाउँपालिका, वडा कार्यालयमा पेश गर्ने,

ञ) कोषको आय/व्ययको विवरण अद्यावधिक गरी गाउँपालिका, वडा कार्यालय, पालिका/वडा बाल संरक्षण समितीमा पेश गर्ने,

ट) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,

ठ) कोषको वृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण आद्यावधिक गर्ने,

८. सञ्चालक समितीले गर्न नहुने कामहरु :

सञ्चालक समितीले देहायका काम गर्न गराउन हुदैन,

क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितीका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका बालबालिकाको तत्काल उद्दार तथा संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

९. सञ्चालक समितीको बैठक सम्बन्धी व्यवस्था :

आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि पालिका बाल संरक्षण तथा सम्वर्द्धन समितीको कार्यालयमा परेका निवेदन उपर छलफल र निर्णय सञ्चालक समितीको बैठक देहाय बमोजिम बस्नेछ ।

क) सञ्चालक समितीको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ख) सञ्चालक समितीको बैठकको अध्यक्षता समितीको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितीको सदस्य सचिवले गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले प्रमाणित एवं अद्यावधिक गरि राख्नेछ ।



CamScanner

ङ) सञ्चालक समितीको निर्णय स्थान पालिका तथा वडा बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितीको कार्यालयमा रहनेछ ।

१०. **कोषको लेखा परिक्षण** :पूर्वीचौकी गाउँपालिकाले नियुक्त गरेको लेखा परिक्षकबाट प्रत्येक वर्ष आय व्ययको विवरणको लेखा परिक्षण गराउनु पर्नेछ ।

११. **आपतकालिन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछन् :**

क) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

ख) यौनशोषण, यौन दुर्व्यहार, बेचबिखन वा ओसार पसारमा परेका,

ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित,

घ) अपाङ्गता भएका,

ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

च) हिंसाबाट प्रभावित एवं पीडित भएका,

छ) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

ज) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पीडित भएका,

झ) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे भएका,

ञ) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका,

ट) सुस्त मनस्थिति भएका,

ठ) अपहरण वा शरीर बन्धकमा परेका,

ड) सडक बालबालिका,

ढ) एच.आई.भि. संक्रमित तथा प्रभावित भएका,

ण) समितीले तोकेका अन्य बालबालिका ।

१२. **निवेदन दिन सक्ने :**

यस कार्यविधीको ११ नं. बुदामा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी पूर्वीचौकी गाउँपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले पालिका/वडा बाल अधिकार संरक्षण समितीको कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।



CamScanner

१३. कोषको बैंक खाता सञ्चालन व्यवस्था :

आपतकालिन वालकोषको रकम समितीको निर्णयले कुनै पनि नेपाल सरकारवाट मान्यता प्राप्त "क" वा "ख" वर्गको बैंकमा खाता खोली जम्मा गर्न सकिनेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ती वा बचत दुवै प्रकारको खातामा खोल्न सकिनेछ । खाता सञ्चालन पालिकास्तरीय आपतकालिन वालकोष समितीको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालन गरिनेछ ।

१४. कोषको रकम फ्रिज नहुने :

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१५. खर्चको सिमा :

कोषको जम्मा भएको रकम मध्य न्युनतम ५०% रकम खर्च हुनु भन्दा अगाडिनै स्रोतको खोजी गर्नु पर्नेछ । कोषको न्युनतम २० प्रतिशत रकम मौज्दात रहनु पर्नेछ ।

१६. कार्यविधीको व्याख्या तथा संशोधन :

यस कार्यविधीमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा सञ्चालक समितीको व्याख्या नै अन्तिम निर्णय हुनेछ साथै संशोधन आवश्यक भएमा सञ्चालक समितीले साझेदार संघसंस्था र सरोकारवाला पक्षहरुसँग छलफल गरी उनीहरुको सहमतिमा संशोधन गर्न सकिनेछ ।

१७. कोष खारेज हुन नसक्ने अवस्था :

कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित सञ्चालक समिती र पालिका/वडा समितीको संयुक्त निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम पालिका/वडा बाल संरक्षणको अगुवाईमा बालहितकारी कार्यक्रमको खर्च गर्न सकिनेछ ।

आज्ञाले

पितानाथ लुईटेल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner